जि.प्र.का.न.प.द.नं.: १२१

"सम्पूर्ण होटल व्यवसायीहरु एक होऔं"

# नवलपुर होटल व्यवसायी संघ

NAWALPUR HOTEL PROFESSIONAL ASSOCIATION

जिल्ला कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू)

District Office, Kawasoti, Nawalparasi-East

स्थापना: २०७६ (Estd: 2076)

प.सं.(L.No.): २०८१/२०८२

च.नं.(Ref. No.): ०३

मिति(Date):२०८१/०५/१५

## विज्ञप्ति

**नवलपुर होटल व्यवसायी संघद्वारा आचारसंहिता अनिवार्य लागू गर्ने सम्बन्धमा सूचना।**

नवलपुर होटल व्यवसायी संघले मिति २०८१/०४/१५ गते सार्वजनिक गरेको २१ बुदें आचारसहिंता अनुसार, संघमा आवद्ध सम्पूर्ण होटल व्यवसायीहरूको हक, हित र अधिकारको सुनिश्चितता गर्नुका साथै पर्यटकहरूको सुविधालाई ध्यानमा राख्दै आचारसंहिता अनिवार्य रूपमा लागू गरिने निर्णय गरिएको छ।

यस निर्णयको प्रमुख उद्देश्य नवलपुर जिल्ला भरिमा सञ्चालन भइरहेका होटल, रिसोर्ट, रेस्टुरेन्ट तथा लजहरूमा एकरूपता, गुणस्तरीय सेवा प्रदान, अनुशासित र मर्यादित व्यावसायिक आचरणलाई प्रवर्द्धन गर्नु हो। आचारसंहिता लागू गर्नाले पर्यटन उद्योगमा अनुशासन र विश्वसनीयता कायम रहनुको साथै पर्यटकमैत्री वातावरण निर्माणमा योगदान पुऱ्याउने पूर्ण विस्वास लिईएका छौं।

**प्रमुख बुँदाहरू:**

१ **स्वच्छता र सरसफाइ:** होटल परिसरको स्वच्छता र सरसफाइमा विशेष ध्यान दिइनुपर्नेछ।
२ **ग्राहक सेवा:** पर्यटकहरूलाई शिष्ट, मैत्रीपूर्ण र सहयोगी व्यवहार गर्नु अनिवार्य हुनेछ।
३ **भुक्तानी प्रणाली:** पारदर्शी भुक्तानी प्रणाली कायम गरी ग्राहकहरूलाई सन्तुष्टि दिने व्यवस्था अनिवार्य गरिनेछ।
४ **सुरक्षा मापदण्ड:** होटलमा बसोबास गर्ने पर्यटकहरूको सुरक्षा सुनिश्चित गर्न उचित सुरक्षाका उपायहरू अपनाउनुपर्नेछ।
५ **स्थानीय उत्पादनको प्रयोग:** स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै होटलहरूमा खानपान तथा अन्य सामग्रीहरूको उपयोग गर्न प्रोत्साहित गरिनेछ।
६ नेपाल सरकारको खाध्य तथा गुणस्तर विभागले अनुमति दिईएका खाध्य सामाग्री मात्र बिक्रि गर्नु पर्ने छ।

जारि गरिएको अचासहिंता व्यवसायीहरुले अनिवार्य रुपमा ग्राहकहरुले देखिने गरि राख्नु पर्नेछ र अक्षरंश पालना गर्नुपर्नेछ यदि कुनै व्यवसायीले संघद्वारा जारी गरिएको आचारसंहिता उल्लंघन गरेको पाइएमा, संघले सो व्यवसायीलाई कुनै पनि सामाजिक तथा कानुनि कार्वाहीमा सहयोग नगरिने र नेपाल सरकारले आवश्यक कारबाही गर्ने अधिकार सुरक्षित राख्दछ। यसमा सदस्यता निलम्बन वा रद्दसम्मको कारबाही हुन सक्नेछ। हामी सम्पूर्ण होटल व्यवसायीहरूलाई यस आचारसंहिताको पालना गर्न हार्दिक आग्रह गर्दछौं, जसले हाम्रो नवलपुरलाई साँस्कृतिक, धार्मिक र पर्यटकीय केन्द्रका रूपमा स्थापित गर्न सहयोग गर्ने हुनाले सम्पूर्ण सरोकारवाला निकायहरु संग समन्यका लागि हार्दिक अपिल गर्दछौं।

**धन्यवाद !**

सन्तोष राना मगर
अध्यक्ष

सम्पर्क न.०७८-५४०२८३ मोबाईल ९८५७०२८०५१ hpanawalpur@gmail.com